# बेलवारी नगरपालिका
# नगरकार्यपालिकाको कार्यलय
## बेलवारी, मोरङ
## १ न.प्रदेश, नेपाल

## शिलबन्दी दरभाउपत्र आव्हानको सुचना
## ( दोस्रो पटक प्रकाशित मिति २०७७०२।२६ )

यस नगरपालिकमा तपशिल कार्य शिलबन्दी दरभाउपत्रको माध्यमवाट गराउनु पर्ने भएकोले नेपाल सरकार वाट इजाजत प्राप्त इच्छुक योग्य नेपाली ब्यवसायीहरु वा उल्लेखित कार्य गर्न इजाजत प्राप्त फर्म तथा कम्पनिहरुका लागि सुचना तथा शिलबन्दी कागजातमा उल्लेखित शर्तहरुको अधिनमा रही रितपुर्वकको शिलबन्दी दरभाउपत्र आव्हान गरिन्छ।

शर्तहरु

१.इच्छूक योग्यता पुगेका दरभाउपत्रदाताहरुले १५ औं दिन कार्यालय समय भित्र यस कार्यालयवाट फिर्ता नहुने गरि तपसिल बमोजीमको नगदै तिरी नगदी रसिदका साथ आ.व. २०७५।०७६ को लागी नवीकरण भएको ईजाजतपत्र, स्थायी लेखानम्बर तथा मु.अ.कर दर्ता प्रमाणपत्र र आ.व.२०७५।०७६ को कर चूक्ता गरेको पत्रको प्रमाणित प्रतिलिपी संलग्न राखी दरभाउपत्र यस कार्यालय वाट खरीदगर्न सकिने छ।

२.शिलबन्दी दरभाउपत्रहरु १६औं दिन दिनको १२.०० बजे भित्र यस कार्यलयमा दर्ता गराई सक्नूपर्ने छ। प्राप्त दरभाउपत्रहरु सोही दिन दिनको २.०० बजे यस कार्यालयका प्रतिनिधि, दरभाउपत्रदाता वा निजको प्रतिनिधिको उपस्थितीमा यस कार्यालयमा नियमानुसार खोलिनेछ। दरभाउपत्रदाता वा निजको प्रतिनिधिहरु उपस्थित नभएमा पनि उक्त दरभाउपत्रहरु खोल्न वाधा पर्ने छैन।

३.दरभाउपत्र साथ तपसिलमा उल्लेखित धरौटी वापतको रकम यस कार्यालयको राष्ट्रिय वाणिज्य बैंक लि. वेलवारी शाखा स्थित धरौटी खाता नं.२४३००३०३००००२ मा दाखिला गरेको सक्कल भौचर वा कम्तीमा ७५ दिनको म्याद भएको दरभाउपत्र कागजातमा दिइएको नमुना अनूसारको शर्तहरु उल्लेख गरी मान्यताप्राप्त "क" बर्गको वाणिज्य बैंकवाट यस कार्यालयको नाममाजारी भएको सक्कल दरभाउपत्र जमानत (बैंक ग्यारेण्टी) पेश गर्नुपर्ने छ।

४.दरभाउपत्र भर्दा प्रत्येक आईटमको दररेट अंक र अक्षरमा स्पष्ट हूने गरि लेख्नु पर्ने छ। अंक र अक्षरमा फरक भएमा अक्षरमा लेखिएकोलाई मान्यता दिईने छ।

५.रीत नपूगी वा म्याद नाघी आएका दरभाउपत्र उपर कूनै कारवाही हूने छैन।

६.दर्ता भएका दरभाउपत्र स्विकृत गर्ने वा नगर्ने सम्पुर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहने छ।

७.दरभाउपत्र पेश गर्दा पेश गर्नेको पत्राचार ठेगाना, सम्पर्क फोन नं., फयाक्स नं. स्पष्ट संग लेख्नूपर्ने छ।

८. दरभाउपत्र पेश गर्दा खामको वाहिर माथीकामको बिवरण लेखि तल यस कार्यालयको नाम लेख्नूपर्ने छ।

९.खरीद कारवाहीमा भागलिन अयोग्य छैन भन्ने सार्वजनिक खरिद नियमावली बमोजीम दरभाउपत्रदाताले स्वंयमधोषणापत्र पेश गर्नूपर्ने छ।

१०. यस सम्वन्धिअन्य कूरा वूझ्नू परेमाकार्यालय समयमा सम्पर्क राखीवूझ्न सकिने छ। र यस कार्यलयको वेभ साईट http:/www.belbarimun.gov.np मा समेत हेर्न सक्नूहूनेछ।

११ दरभाउपत्र दर्ता गर्ने दिन सार्वजनिक विदा परेमा सो लगतै कार्यालय खूलेको दिन दर्ता गरीने छ।

१२.यस सुचनामा उल्लेख नभएका अन्य कूराहरुको हकमा सार्वजनिक खरिद ऐन २०६३ र सार्वजनिक खरिद नियामवली २०६४ तथा प्रचलित अन्य कानून बमोजीम हुने छ।

**तपशिल शिलबन्दी दरभाउपत्र सम्बन्धि कार्यको विवरण**

| क.सं. | ठेक्का नं. | कामको विवरण | ल.ई.रकम रु. (भ्याट वाहेक) | धरौटी रकम रु. | दरभाउपत्र दस्तूर | खरिद प्रकिया |
|---|---|---|---|---|---|---|
| १. | BOM/MOR/G/SQ-04-076/077 | सीसी क्यामेरा सामाग्री सप्लाई कार्य | रु १३७७०९७३५ | रु ३९०००।०० | रु १०००।०० | शिलबन्दी दरभाउपत्र |